# तामाकोशी गाउँ कार्यपालिका

## बैठक नं. ८९

तामाकोशी गाउँपालिकाका अध्यक्ष श्री प्रोणप्रताप के.सी.को अध्यक्षतामा गाउँ कार्यपालिका सदस्य लगायत तपशिलको उपस्थितिमा मिति २०८१ चैत्र ८ गते शुक्रबार विहान ८:०० बजे बैठक बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र. स. | पद | नाम थर | हस्ताक्षर | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रोणप्रताप के.सी. | | ९८४४०६१६६५ |
| २ | उपाध्यक्ष | श्री सृजना खड्का सिवेदी | | ९८४३८२७५३० |
| ३ | सदस्य (वडा अध्यक्ष वडा नं.१) | श्री बसन्त बहादुर थापा क्षेत्री | | ९८५४०४५११९ |
| ४ | सदस्य (वडा अध्यक्ष वडा नं.२) | श्री ईश्वर राज कार्की | | ९८४९७७७६६३ |
| ५ | सदस्य (वडा अध्यक्ष वडा नं.३) | श्री राम प्रसाद काफ्ले | | ९८५११४८०८३ |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | श्री नारायण खड्का | | ९८५११२४४६२ |
| ७ | सदस्य (वडा अध्यक्ष वडा नं.५) | श्री शम्भु प्रसाद फुयाल | | ९८५१२०४८५४ |
| ८ | सदस्य (वडा अध्यक्ष वडा नं.६) | श्री कृष्ण प्रसाद फुयाल | | ९८४८९३९८९८ |
| ९ | सदस्य (वडा अध्यक्ष वडा नं.७) | श्री खुस बहादुर सुनुवार | | ९८६०९१०१५७ |
| १० | सदस्य | श्री रिता पोखरेल | | [illegible] |
| ११ | सदस्य | श्री सुनिता बिश्वकर्मा | | |
| १२ | सदस्य | श्री ईन्दिरा कार्की | | |
| १३ | सदस्य | श्री संगिता बि.क. | | |
| १४ | सदस्य | श्री नरध्वज सुनुवार | | [illegible] |
| १५ | सदस्य | श्री सुमन मिजार | | |
| १६ | सदस्य सचिव(प्र.प्र.अ) | श्री विमल प्रसाद निरौला | | |

Scanned with CamScanner

तामाकोशी गाउँ कार्यपालिका

बैठक नं. ४९

मिति २०८१ चैत्र ०८ गतेको तामाकोशी गाउँ कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरुः

बैठकका प्रस्तावहरुः

१. आ.व २०८०/०८१ को लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदन सम्वन्धमा ।
२. स्तरवृद्धि सम्वन्धमा ।
३. विनियोजित योजनाको सम्झौता सम्वन्धमा ।
४. शाखालाई निर्देशन दिने सम्वन्धमा ।
५. राय सुझाव उप समिति गठन सम्वन्धमा (शिक्षा)
६. निर्णय कार्यान्वयन सम्वन्धमा (शिक्षा)
७. एस.ई.ई परिक्षा सञ्चालन सम्वन्धमा ।
८. सवारी साधन मर्मत सम्वन्धमा ।
९. तामाकोशी अस्पतालको प्रमुख तोक्ने सम्वन्धमा ।
१०. कार्यालयको सवारी साधन सञ्चालन सम्वन्धमा ।
११. आर्थिक सहयोग सम्वन्धमा ।
१२. बृहत दोलखा महोत्सवमा सहभागिको खर्च सम्वन्धमा ।
१३. स्वास्थ्य तथा भेटेरिनरी सेवा केन्द्रको आवश्यक सामाग्रि खरिद सम्वन्धमा ।
१४. म्याचिङ फन्ड(Matching Fund) सम्वन्धमा ।
१५. बोलपत्र सम्वन्धि सूचनाको भुक्तानी सम्वन्धमा ।
१६. छुट ग्रेड भुक्तानी सम्वन्धमा ।
१७. स्वास्थ्य शाखाको भुक्तानी सम्वन्धमा ।
१८. किर्ने प्रहरी चौकीको भुक्तानी सम्वन्धमा ।
१९. बिपदको निर्णय कार्यान्वयन सम्वन्धमा ।
२०. डि.पि.आर सम्वन्धमा ।
२१. वैकल्पिक उम्मेद्वारको नियुक्ति सम्वन्धमा ।
२२. कृषि प्रवर्द्धन कार्यक्रम सम्वन्धमा ।
२३. जे.सि.भी अपरेटरको लागि विज्ञापन सम्वन्धमा ।
२४. झोलुङगे पुलहरुको डि.पि.आर तथा वजेट माग सम्वन्धमा ।
२५.परिक्षा सञ्चालन खर्च सम्वन्धमा ।
२६. दुई पाङ्गे सवारी साधन खरिद सम्वन्धमा ।
२७. अन्तिम लेखापरिक्षणको लागि निर्देशन दिने सम्वन्धमा (शिक्षा) ।
२८. आर्थीक सहयोग सम्वन्धमा ।
२९. खेलकुद रकम भुक्तानी सम्वन्धमा ।

Scanned with CamScanner

तामाकोशी गाउँकार्यपालिकाको मिति २०८१ चैत्र ०८ गते

शुक्रबार बसेको बैठकबाट सर्वसम्मतिले देहाय बमोजिम निर्णय गरियो ।

१. आ.व २०८०/०८१ को लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदन माथि छलफल गरियो । उक्त प्रतिवेदनले औंल्याएका विषयहरुलाई आत्मसाथ गर्दै पालिकाको नाममा दायित्व सर्जना भएका शीर्षकहरुको रकम एकीन गरी गाउँ सभाबाट शीर्षक कायम तथा रकम बिनियोजन गरी दाखिला गर्ने ।

२. मिति २०८१/११/२७ गते पवनराज फूयाल सूचना प्रविधि अधिकृत (छैटौं) ले स्तर बृद्धिको लागि दिनुभएको निवेदन अनुसार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानिय शासन सबलिकरण कार्यक्रम(PLGSP)बाट यस पूर्व वार्षिक रुपमा एकमुष्ट रु ३,८१,०००।—प्राप्त भई रहेकोमा चालु आ.व २०८१/०८२ को लागि एकमुष्ट रु ४,३६,५००।— प्राप्त भएकाले सो को लागत साझेदारि रकमको औचित्य स्तरबृद्धि गरी भुक्तानी गर्ने प्रयोजनको लागि हो ? वा कार्यरत तहको लागि नै हो? यकिन गरी कार्यान्वयन गर्न(PLGSP)लाई पत्राचार गरी सो को आधारमा निर्णय गर्ने ।

३. वडागत रुपमा विनियोजन रकमबाट निर्णय भएका योजनाहरु हिउंदे अधिवेशन पूर्वका योजनाहरु मिति २०८१/१२/२० गते सम्म र सो पश्चात हिउदे अधिवेशनबाट निर्णय भएका योजनाहरु मिति २०८१/१२/३० सम्म सम्झौता प्रकृया पुरा गर्ने साथै सो समय सम्ममा पनि योजना सम्झौता नभएका योजना सम्झौता प्रकृया अघि नबढाउने ।

४. सवै शाखाहरुले सम्पन्न भएका सम्पन्न हुने चरणमा रहेका र हुन बाँकी रहेका कार्यक्रमहरु सम्पन्न गर्ने कार्य योजना बनाई ७ दिन भित्र पेश गर्न निर्देशन दिने ।

५. शिक्षा शाखालाई शिक्षकहरुको दरबन्दि मिलान, विधालय समायोजन र कक्षा व्यवस्थापनको प्रकृया अघि बढाउन अध्ययन प्रतिवेदन तयार गरी गाउँ शिक्षा समिति समक्ष पेश गर्न राय सुझाव उप समिति गठन गर्ने ।

तपसिल:

भरत मुखिया -उपसमिति संयोजक

तामाकोशी शिक्षक महासंघ अध्यक्ष - सदस्य

शिक्षा शाखा- सदस्य

६. कालापानी मा.विको माध्यामिक तह कक्षा ९ र १० लाई अमर मा.विमा र अमर मा.विको कक्षा १ देखि ८ सम्मको कक्षालाई कालापानी मा.विमा समायोजन गर्ने मिति २०८१/०२/०७ को शिक्षा समितको निर्णय सिफारिसलाई अनुमोदन गरी २०८२/०१/०१ देखी कार्यान्वयन गर्न शिक्षा शाखालाई निर्देशन दिने ।

Scanned with CamScanner

७. एस.ई.ई परिक्षा २०८१ संचालनको लागि यस पालिकामा २ वटा केन्द्र कायम भएकोमा उक्त केन्द्रहरुको संञ्चालन, व्यवस्थापनका लागि आवश्यक पर्ने आर्थिक प्राबिधिक तथा यातायातको लागि जम्मा रु १ लाखमा नबढने गरी सहयोग उपलब्ध गराउन प्र.प्र.अधिकृतलाइ निर्देशन दिने ।

८. प्रदेश न. ३-०१-००२ झ ४९२६ न. को कार्यालयको गाडी मर्मत तथा संभारको लागि कोटेशन माग गरी सो को आधारमा कम्पनीको Showroom लाई मर्मतको लागि कायदिश दिनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

९. तामाकोशी अस्पतालको निर्माण कार्य सम्पन्न गरी पालिकालाई स्वामित्व ग्रहण गर्न निर्माण कम्पनी बाट बारम्बार अनुरोध भई आएकाले सो को व्यवस्थापन र हाललाई अर्को व्यवस्था नभएसम्मका लागि सिनियर अ.हे.व (अधिकृत छैटौ) पदका हरि बहादुर के.सीलाई अस्पताल प्रमुख तोक्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

१०. तामाकोशी गाउँपालिकामा कार्यरत कर्मचारिहरुले निजि २ पाङ्ग्रे सवारि साधन यस कार्यालयको अभिलेखमा जनाई घरवाट आतेजाते गर्न तथा कार्यालयले खटाएको स्थानमा रहि कामकाज गर्नु पर्दा सवारी साधनको मर्मत तथा सर्भिसिङ गर्दा लाग्ने लागत बापत मासिक रु १ हजारका दरले बिल भरपाई पेश गरे पश्चात उपलब्ध गराउने ।

११. भिम बहादुर स्मृति पतिष्ठान बाट आयोजना हुने खेलकुद प्रतियोगिताका लागि रु ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।

१२. उधोग बाणिज्य संघ दोलखा शाखाले आयोजना गरेको बृहत महोत्सव २०८१ मा तामाकोशी गाउँपालिकाको तर्फबाट २ वटा स्टलमा उत्पादित-सामाग्रिको बिक्रि बितरण तथा प्रदर्शनीमा सहभागि २ जना उधमीहरुलाई रु १० हजारका दरले आर्थिक सहयोग उपलब्ध गराउने ।

१३. तामाकोशी गाउँपलिका वडा न. १ को स्वास्थ्य सेवा केन्द्र र भेटेरेनरीको सेवा केन्द्र सच्चालनको लागि न्युनतम आधारभुत सामाग्री व्यव्स्थापन तथा खरिद गरी हस्तान्तरणको व्यव्स्था मिलाउन जिन्सी शाखालाई निर्देशन दिने ।

१४. नेपाल पर्यटन बोर्डको च.न.४ मिति २०८१/१०/०७ को प्राप्त पत्र बमोजिम कालिदेवी धार्मिक क्षेत्र पूर्वाधार निर्माण तामाकोशी गाउँपालिका ४ दोलखा का लागि स्विकृत रु ५ लाख रकमको सुनिश्चितता भई आएअनुसार यस पालिकाबाट स्विकृत रकमको कार्यान्वयनको लागि कूल लागतको २० प्रतिशत बजेट म्याचिङ फन्ड निश्चित गर्नु पर्ने भन्ने भएकाले उपलब्ध र उपयुक्त शिर्षकहरु मध्येबाट रु १ लाख रकम म्याचिङ फन्डका लागि उपलब्ध गराउने ।

Scanned with CamScanner

१५. यस पालिकाबाट बिकास निर्माण संग सम्बन्धित बोलपत्र आव्हान् गर्दा बार्षिक रुपमा कार्य गर्ने गरि सोका लागि पनि बोलपत्र नै आव्हान गरिएकोमा मिति २०८१/१०/०८ मा बोलपत्र खोली न्युनतम मूल्यमा कायम भएको फ्युचर हब मिडिया मल्टिप्रपोज प्राईभेट लि. अनामनगर काठमाडौं संग स्विकृत औसत दररेट रु ४७८.७९ मा पालिकाको सम्झौता भएकाले सम्झौता भए पश्चात सोहि अनुसार र सम्झौता हुनुपूर्व कार्यालयले सूचना आव्हानका लागि दिएको सूचनाहरुको लागत मूल्य अनुसार भुक्तानी दिने ।

१६. सम्मानित उच्च अदालतको अन्तरिम आदेश बमोजिम यस कार्यालयका प्राविधिक शिक्षा अधिकृत (आठौं) विमल प्रसाद निरौलाको २०७६ साल देखी २०७९ सम्म छुटहुन गएको २ ग्रेडको कुल छुट रकम आवश्यक कागजातका आधारमा भुक्तानीका लागि निर्देशन दिने ।

१७. स्वास्थ्य शाखाबाट तामाकोशी गाउँपालिकाको बिपन्न नागरिक उपचार सहयोग अनुदान कार्यविधि २०८१ बमोजिम आर्थिक सहयोग बापत स्वास्थ्य समस्या संग सम्बन्धित, अस्पतालको सिफारिस तथा वडा कार्यालयको सिफारिसका आधारमा राय सहित पेश हुन आएका कागजातका आधारमा पालिका प्रमुखबाट भएको आदेश बमोजिम भुक्तानी भएको तपसिलको सहयोग रकमलाई सर्वसम्वत रुपमा अनुमोदन गरियो ।

तपसिलः

| क्र.स. | नाम थर | ठेगाना | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गुम्वे नेपाली | ता.मा-०१ | २०,०००।- | |
| २ | अम्बिका फुयाल | ता.मा-०६ | २०,०००।- | |
| ३ | कृष्ण खडका | ता.मा-०६ | १०,०००।- | |
| ४ | दुर्गा वहादुर नेपाली | ता.मा-०१ | २०,०००।- | |
| ५ | छत्र वहादुर कामी | ता.मा-०२ | २०,०००।- | |
| ६ | धन वहादुर खाती | ता.मा-०५ | २०,०००।- | |
| ७ | धन माया दमिनि | ता.मा-०५ | २०,०००।- | |
| ८ | धन माया सार्की | ता.मा-०१ | २०,०००।- | |
| ९ | पदम काफ्ले | ता.मा-०१ | २०,०००।- | |
| १० | राधा देवी काफ्ले | ता.मा-०३ | २०,०००।- | |
| ११ | बिनोद तोलाङ्गि | ता.मा-०५ | २०,०००।- | |
| १२ | दिपक वहादुर सुनुवार | ता.मा-०७ | ५,०००.।- | |
| १३ | शोभा खत्री | ता.मा-०४ | २०,०००।- | |
| १४ | टिकाराम चौलागाई | ता.मा-०५ | १०,०००।- | |
| १५ | दुर्गा कार्की | ता.मा-०३ | २०,०००।- | |
| १६ | दुर्गा माया कार्की | ता.मा- | २०,०००।- | |
| १७ | देवी माझी | ता.मा-०१ | १५,०००।- | |
| १८ | लुला माया पोखरेल | ता.मा-०४ | २,५००।- | |
| १९ | सुरेश काफ्ले | ता.मा-०१ | २०,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| २० | सुरेश श्रेष्ठ | ता.मा-०४ | २०,०००।- | |
| २१ | होम बहादुर राउत | ता.मा-०१ | २०,०००।- | |
| २२ | हिमाल काफ्ले | ता.मा-०३ | १०,०००।- | |
| २३ | मनमाया बुढाथोकी | ता.मा-०४ | २०,०००।- | |
| २४ | गंगामाया खड्का | ता.मा-०५ | २०,०००।- | |
| २५ | मञ्जु कुमारी के.सी | ता.मा-०१ | २०,०००।- | |
| २६ | सुभद्रा काफ्ले | ता.मा-०१ | २०,०००।- | |
| २७ | अमर बहादुर काफ्ले | ता.मा-०२ | २०,०००।- | |
| २८ | रोजिना नेपाली | ता.मा-०१ | २०,०००।- | |
| २९ | सस्मिता खाती | ता.मा-०५ | २०,०००।- | |
| ३० | सुकदेव पोखरेल | ता.मा-०३ | १०,०००।- | |
| ३१ | करिष्मा चौलागाई | ता.मा-०३ | २०,०००।- | |
| ३२ | देवीबहादुर खड्का | ता.मा-०४ | २५,०००।- | |
| ३३ | लक्ष्मी घिमिरे दर्जी | ता.मा-०३ | १५,०००।- | |
| ३४ | भरत बहादुर कार्की | ता.मा-०२ | ५०,०००।- | |
| ३५ | डिल्लिमाया श्रेष्ठ | ता.मा-०१ | २०,०००।- | |
| ३६ | विमला योगी | ता.मा-०४ | २५,०००।- | |
| ३७ | काले तामाङ | ता.मा- | ५०,०००।- | |
| ३८ | आयुष्मा खत्री | ता.मा-०६ | ५०,०००।- | |
| ३९ | राजेन्द्र प्रसाद काफ्ले | ता.मा-०३ | ५,०००।- | |
| ४० | विकास खड्का | ता.मा-०५ | ५,०००।- | |
| ४१ | दिपक बहादुर सनुवार | ता.मा-०७ | ५,०००।- | |
| ४२ | कालिका दमाई | ता.मा- | ५०,०००।- | |
| ४३ | चनमते नेपाली | ता.मा-०४ | २०,०००।- | |
| ४४ | पुर्ण माया फुयाल खत्री | ता.मा- | २०,०००।- | |
| ४५ | पिताम्वर श्रेष्ठ | ता.मा-०५ | २०,०००।- | |
| ४६ | रेनुका न्यौपाने | ता.मा-०५ | २०,०००।- | |
| ४७ | सुष्मा भुजेल | ता.मा- | २५,०००।- | |
| | जम्मा | | ९,४७,५००।- | |

१८. बाढीको प्रकोपका कारण किर्नेटार प्रहरी चौकीमा भएको क्षतीका कारण सुरक्षाको संबेदनसिलतालाई ध्यानमा राखी तत्काल तपसिलका कामहरु गरिएको र चौकीले संग तत्काल गरेको कार्यहरुको भुक्तानीका लागि चौकी संग श्रोत नभएका यस पालिकासंग सहयोगको लागि माग भइ आएकाले वील भरपाई लगायत आवश्यक कागजातका आधारमा भुक्तानीका लागि निर्देशन दिने ।

तपसिल:

१. बत्ति फ्यान परिवर्तन तथा मर्मत वापत: ९,५००।—

२. थ्रि फेजतार खरिद: २१,९००।—

३. कार्यालयको बाईक मर्मतः ९,३००।–

१९. मिति २०८१ माघ २३ गतेको स्थानीय बिपद व्यवस्थापन समितिको बैठकमा भएका निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

२०. चालु आ.व मा डि.पि.आर गरी चालु आ.व मा नै रकमको सुनिश्चितता गरी कार्य प्रारम्भ गर्नुपर्ने भएकाले संघिय सरकार , प्रदेश सरकार समक्ष योजना सहित डि.पि.आर पेश गर्ने प्रयोजनका लागि तत्काल तपसिलका योजनाहरुको डि.पि.आर गर्ने गरी पालिकाको स्वीकृत बार्षिक कार्यकर्महरु मध्ये परामर्श शीर्षकबाट रकम भुक्तानी हुने र नपुग भएको रकम बोलपत्र द्वारा ठेक्का लागेको ढोलीखोला तामाकोशी दोभानबाट प्राप्त हुने राजस्व शीर्षकबाट खर्च लेख्न सकिने गरी तपसिलका योजनाहरुको डि.पि.आर गर्ने र सम्वन्धित निकायमा पठाई रकमको सुनिश्चितताको लागि अनुरोध गर्ने ।

तपसिलः

१. पदमार्ग — जाल्पादेवी आत्मारा हुँदै देउराली गढी हल्लिने ढुङ्गा सम्म
२. स्वर्गीय देवी प्रसाद न्यौपाने स्मृति भवन तथा पार्क निर्माण

२१. मिति २०८१/१२/०८ को कार्यपालिकाको निर्णयअनुसार बिज्ञापन भई नियुक्तिका लागि सुचना प्रकाशित गर्दा समेत नियुक्ति लिन नआई रिक्त भएको पदमा सोही बिज्ञापनमा बैकल्पिक सूचिमा रहेका अ.हे.व पदका उम्मेद्वार जयराम दास र धर्मनाथ साह र अ.न.मि पदमा बैकल्पिक उम्मेद्वार कमला जिरेल रोक्का र लिलामाया श्रेष्ठलाई आवश्यक प्रकृया पुरा गरी नियुक्ति दिन स्वास्थ्य शाखालाई निर्देशन दिने ।

२२. तामाकोशी गा.पा वडा नं. ३ मा किवि खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन/ व्यवस्थापनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई Proposal सहित अनुरोध गर्ने निर्णय गरियो ।

२३. जे.सि.भी अपरेटरको लागि करार सेवामा बिज्ञापन भई उम्मेद्वार छनोट गरिएकोमा हाल निजले राजिनामा दिई सकेको हुदा पुन जे.सि.भी अपरेटरको उम्मेद्वार संख्या १ को लागि बिज्ञापन खोल्न प्राविधिक शाखालाई निर्देशन दिने ।

२४. आ.व २०८२/०८३ को लागि १८० मि. भन्दा बढी span भएका तपसिलका झोलुङ्गे पुलहरुको डि.पि.आर तथा बजेटको लगि संघिय सरकार तथा प्रदेश सरकार संग माग गर्ने निर्णय गरियो ।

तपसिलः

१. ढोलीखोला चनौटे विमिरे झो.पु.
२. तामाकोशी - ५ गोबर्धनटार बाट रामेछाप गोकुलगंगाको खहरे जोडेने झो.पु.
३. मालु बसेरी ज्यामिरे झो.पु.

Scanned with CamScanner

२५. आ.व २०८१/०८२ को शिक्षा तर्फको परिक्षा संचालन तथा व्यवस्थापन शीर्षकबाट परिक्षा संचालन खर्च गर्न अपुग हुने भएकाले शैक्षिक गुणस्तर सुधार कार्यक्रमबाट खर्च लेख्न निर्देशन दिने ।

२६. पालिकाको Contingency बाट खर्च हुने गरी प्रविधिक शाखालाई आवश्यक २ थान दुई पाङ्ग्रे सवारी साधन खरिद गर्ने निर्णय पारित गरियो ।

२७. दोलखा जिल्ला भलिबल संघको आयोजनामा मिति २०८१/१०/०३ देखी ०५ गते सम्म सञ्चालित दोस्रो डि.एस.एफ अन्तर पालिका महिला भलिबल प्रतियोगिता र मिति २०८१/१०/१५ देखी १७ गते सम्म सञ्चालित अन्तरपालिका पुरुष शिक्षक भलिवल प्रतियोगितामा यस गाउँपालिकाबाट प्रतिनिधित्व गरी खेलमा सहभागि हुँदा खर्च भएको अधिक्तम तपसिल बमोजिमको रकम भुक्तानी गर्ने ।

तपसिल:

१. अन्तरपालिका महिला भलिबल प्रतियोगितामा खर्च भएको जम्मा रकम रु १,१६,१६९।-
२. अन्तरपालिका पुरुष शिक्षक भलिवल प्रतियोगितामा खर्च भएको जम्मा रकम रु ४३,२५०।-

जम्मा खर्च भएको रकम रु १,५९,४१९।-

२८. शहिद रित वहादुर स्मृति प्रतिष्ठान दोलखालाई रु ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

२९ आ.व २०८०/०८१ को विधालयको अन्तिम लेखापरिक्षण गर्न विधालयबाट सिफारिस गरिएका ३ वटा फर्महरु मध्ये छनोट भएका फर्महरुलाई वढिमा ५ वटा विधालयहरु मात्र छनोट गरी सिफारिस गर्न शिक्षा तथा खेलकुद शाखालाई निर्देशन दिने।

Scanned with CamScanner